# हिमाली गाउँपालिकाको आर्थिक ऐन

# २०८१

**हिमाली गाउँपालिका**

**बाजुरा जिल्ला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

## हिमाली गाउँपालिकाको आर्थिक ऐन २०८१

**हिमाली गाउँपालिकाका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

प्रस्तावनाः गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हिमाली गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**हिमाली गाउँपालिकाको** आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि **हिमाली गाउँपालिका** क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** हिमाली गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** हिमाली गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुलाचौर, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

७. **विज्ञापन कर:** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर:** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क:** गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्क:** गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवाफत अनुसूची (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण- संचालन वा व्यवस्थापन गरेका अनुसूची ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क :** हिमाली गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटक शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१४. यस गाउँपालिकाभित्र कृषि फर्म लगायतका कृषि सम्बन्धी व्यवसायको शुल्क अनुसूची-१३ बमोजिम हुनेछ।

१५. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिसको कर छुट दइने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।



हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

अनुसूची -१

आ.व. २०८१ /८२ को लागि प्रस्तावित कर तथा गैर करका दरहरू

१. घर जग्गा वार्षिक करको दर रेट

| क.स | घर जग्गाको मुल्य | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पहिलो रु ५ लाख सम्म | ०.२% | |
| २ | रु ६ लाख देखि १० लाख सम्म | ०.२५ % | |
| ३ | रु ११ लाख देखि १५ लाख सम्म | ०.३ % | |
| ४ | सो भन्दा माथि | ०.५ % | |

२. मालपोत दर रेट

प्रति वर्ग मिटर सिम ०.१५ %

चाहार ०.१२ %

३ . घर बहाल कर दररेट

| क.स | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | भवन | भाडाको १०% | |
| २ | घर | भाडाको १०% | |
| ३ | पसल | भाडाको १०% | |
| ४ | ग्यारेज | भाडाको १०% | |
| ५ | जग्गा | भाडाको ८% | |
| ६ | गोदाम | भाडाको १२% | |
| ७ | टहरा | भाडाको १०% | |
| ८ | पोखरी | भाडाको १०% | |
| ९ | कारखाना | भाडाको १५ % | |

४.व्यवसाय कर दररेट

| क.स | विवरण | वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | होटल व्यवसाय ठूला । साना | १५००।<br>१०००। | |
| २ | खाद्यान्न ,किराना, ठुला<br>साना | १२००।<br>६००। | |
| ३ | कपडा पसल थोक एवम् ठूलो फेन्सी<br>सानो फेन्सी | १२००।<br>६००। | |
| ४ | विधुतीय सामाग्री (इलोक्टनिक | १२००। | |
| ६ | निमार्ण सामाग्री ( हार्डवयर | २०००। | |



हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

गोविन्द बहादुर मल्ल
गाउँपालिका उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| ७ | जुत्ता चप्पल होलसेल पसल | १२००। | |
| ८ | जुत्ता पसल खुद्रा | ६००। | |
| ९ | विविध श्रृङ्गार पसल | ६००। | |
| १० | केवल नेटवर्किङ्ग | ७००। | |
| ११ | सुन चाँदी पसल | १२००। | |
| १२ | पुस्तक तथा पत्रपत्रिका पसल (स्टेशनरी) | १०००। | |
| १३ | नर्सरी तथा फलफूलका विरुवा विउ वितरण | ५००। | |
| १४ | पेन्टर | ५००। | |
| १५ | तरकारी तथा फलफूल पसल | ५००। | |
| १६ | विज भण्डार एग्रोभेट | १०००। | |
| १७ | मासु पसल | १२००। | |
| १८ | रेष्टुरेण्ट ठूलो<br>साना रेष्टुरेण्ट | १५००।<br>८००। | |
| १९ | टेलरिङ् सेन्टर ठूलो , सानो | १०००। र ५००। | |
| २० | हेयर कटिङ | ५००। | |
| २१ | रङ्गरोगन | ५००। | |
| २२ | चस्मा पसल | ३००। | |
| २३ | चुरोट कम्पनी डिलर | १५००। | |
| २४ | ग्यास सिलेन्डर विक्रेता | १०००। | |
| २५ | जुता मर्मत गर्ने पसल | २००। | |
| २६ | डिस एन्टेना केवल लाइन प्रसारण व्यवसाय | १०००। | |
| २७ | फोटो स्टुडियो | ५००। | |
| २८ | आर्ट | ३००। | |
| २९ | कुखुरा फर्म | १२००। | |
| ३० | हाटबजार ब्यापार प्रयोजनका लागि<br>धुलाचौर वाहेकका अन्य हाटबजार | प्रति मिटर रु ७५।<br>प्रति मिटर रु ५०। | |
| ३१ | बसोबार प्रयोजनको लागि सडक क्षेत्र | प्रति मिटर ४५ | |
| ३२ | घरबार प्रयोजनका लागि | प्रति मिटर १० | |
| ३३ | आरा मेशिन संचालनबाट उत्पादित काठ | प्रति फुट २ | |

**५. व्यवसाय कर जरिवाना**

**एक वर्षमा २ प्रतिशतका दरले २ वर्षमा ५ प्रतिशत र ३ वर्ष वा सोभन्दा माथि १० प्रतिशत**

| क्र.स | विवरण | वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | घडि रेडियो टिभि मोवाइल लगायत मर्मत | ५००। | |
| २ | गहना मर्मत पसल | ५००। | |
| ३ | छापाखाना तथा छाप | १०००। | |
| ४ | सहकारी बैङ्क | ५००। | |
| ५ | वितीय सेवा र सहकारी संस्था रेमिटेन्स सेवा र विमा एजेन्ट तथा प्राईभेट वाणिज्य बैङ्क | १२००। | |
| ६ | औषधि पसल , ठुलो ,मझौला , सानो पसल | १५००। ,१०००। , ५००। | |



हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धुलाचौर, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ७ | दाँत बनाउने तथा क्लिनिक ल्याब | १२००। | |
| ८ | निजी क्षेत्रका विद्यालय र क्याम्पस | १०००। , २०००। | |
| ९ | टाइपिङ, कम्प्यूटर भाषा सिकाई बुनाई लगायत अन्य प्रशिक्षण संस्था | ५००। | |
| १० | टेक्नीकल इन्स्टिच्युट | २०००। | |
| ११ | निमार्ण व्यवसाय क,ख, ग,घ | १००००। , ८०००। , ६०००। र ५०००। | |
| १२ | निजी क्षेत्रका कुरीयर फ्याक्स इमेल इन्टरनेट टेलिफोन, | ५००। | |
| १३ | कवाडि व्यापारी प्रति क्वाइनटल | १० प्रतिशत | |
| १४ | धुमन्ते व्यापारी प्रति दिन | ३००। | |

## ६. जडीबुटी दर रेट

| क.स | जडिबुटी | यस गा.पा.मा उत्पादन हुने प्रतिकेजी रु | कैफियत |
|---|---|---|---|
| १ | कटुकी प्रति केजी | १५ | |
| २ | अत्तिस | २० | |
| ३ | जटामसि | १० | |
| ४ | चिराइतो | १० | |
| ५ | कालादाना | १० | |
| ६ | भूतकेश | १० | |
| ७ | गुच्ची च्याउ | ५०० | |
| ८ | सिलाजित | २०० | |
| ९ | काँकडसिंलो | १५ | |
| १० | भोजपत्र | १० | |
| ११ | सुगन्धवाल | १० | |
| १२ | सुनपाते | १० | |
| १३ | विषजरा | १५ | |
| १४ | यार्सागुम्वा | ५००० | |
| १५ | पदमचाल | ५ | |
| १६ | घोडामर्चा | ५ | |
| १७ | सतुवा | ५०० | |
| १८ | डालेचुक | ५० | |
| १९ | धुपजडी | १० | |
| २० | लौठोसल्ला | १० | |
| २१ | रातो च्याउँ | २५० | |
| २२ | काठको फुरु प्रति गोटा | ५० | |
| २३ | सजैनु | ५ | |
| २४ | बोजो | १० | |



गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| २५ | पाखनबेद | ५ | |
| २६ | दालचिनी | ५ | |
| २७ | टिमुर | ५ | |
| २८ | जैतुन | ५० | |
| २९ | खिरौला | १० | |
| ३० | घिउकुमारी | ५ | |
| ३१ | बनलसुन (पोड्याँ) | १००० | |
| ३२ | सेतक चीनी (खिरौलो) | १० | |
| ३३ | खोटो | १५ | |

## ७. सवारी कर दर रेट

| क्र.स | सवारी साधनको किसिम | दररेट वार्षिक | कैफियत |
|---|---|---|---|
| १ | मोटर साईकल तथा स्कुटर | ५००। | |
| २ | खच्चर र गधा | ५०। र २५। | |
| ३ | भाडाका कार, जीप, भ्यान | १८००। | |
| ४ | प्राइभेट टेम्पु | १०००। | |
| ५ | ट्र्याकटर ठूलो सानो | १८००।<br>१२००। | |
| ६ | हेभी गाडी डोजर केन<br>सानो स्काइभेटर | ५०००।<br>२५००। | |

## ८.विज्ञापन कर

| | | | |
|---|---|---|---|
| १ | साइनबोर्ड , ग्लोबार्ड स्टल,आदिमा २५ वर्ग फूटसम्म सो भन्दा माथि | ३००।<br>५००। | |

## ९.मनोरञ्चन कर

यस गाउँपालिका भित्र सञ्चालन भएका साँस्कृतिक कार्यक्रम संगित तथा अन्य मनोनञ्जन कर वार्षिक रु ५०० मात्र ।

## १०. बहाल विटौरी कर

| क्र.स | विवरण | | दररेट मासिक रु | कैफियत |
|---|---|---|---|---|
| | गा.पा.ले निर्माण गरेकोमा/ रेखदेख गरेकोमा | रेखदेख वा सञ्चालन गरेकोमा | | |
| १ | हाटवजार तथा पसल ब्यबशाय गरेकोमा | हाटबजार | धुलाचौर बजार क्षेत्र ७५ र धुलाचौर बाहेक बाजार ५० | प्रति मिटर |

हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाजुरा धुलाचौर, सुदूरपश्चिम प्रदेश, नेपाल

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष



CamScanner

११.पाकिङ्ग शुल्क

| क.स | सवारी किसिम | दररेट प्रतिदिन | कैफियत |
|---|---|---|---|
| १ | बाइक | १० | |
| २ | कार | १५ | |
| ३ | बस ट्रक | ४० | |
| ४ | ट्र्याक्टर | ५० | |
| ५ | पशु सवारी | १० | |

१२.ट्रेकिङ्ग लगायतका शुल्क

| क.स | विवरण | दररेट बार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग | ५००। | |
| २ | र्‍यापिटङ | ५०००। | |

१३. सेवा शुल्क सम्बन्धी दररेट

| क.स | सिफारिसको विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित | १००। | |
| २ | जन्म मिति प्रमाणित | १००। | |
| ३ | विवाहित तथा अविवाहित प्रमाणित | १५०। | |
| ४ | अङग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | २००। | |
| ५ | घर पातल प्रमाणित | ५० | |
| ६ | व्यक्तिगत विवरण प्रमाणित | १००। | |
| ७ | जीवितसँगको नाता प्रमाणित | १००। | |
| ८ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ९ | संरक्षण प्रमाणित | ५० | |
| १० | कागज र मन्जुरीनामा प्रमाणित | १५० | |
| ११ | जग्गा मुल्याङ्याकन सिफारिस प्रमाणिात | ०.२५ प्रतिशत | |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता र आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | निशुल्क र १०० | |
| १३ | नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस | १०० प्रतिलिपि २०० | |
| १४ | बहाल करको लेखाजोखा सिफारिस | १०० | |
| १५ | मोही लगत कट्टाको सफिारिस | ५० | |
| १६ | घर जग्गा करको लेखाजोखा सिफारिस | १०० | |
| १७ | व्यापार व्यवसाय बन्द भएको , सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | १५० | |
| १८ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | ५०० | |



हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुढाचौर, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

गोविन्द बहादुर मल्ल गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| १९ | नि:शुल्क स्वास्थ्य उपचारको सिफारिस | निशुल्क | |
| २० | पुर्जामा घर कायम गर्ने सिफारिस | ३०० | |
| २१ | फरक,फरक नाम , थर , जन्म मिति प्रमाणित तथा दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० | |
| २२ | नाम , थर , वा जन्म मिति संशोधनको सिफारिस | १०० | |
| २३ | जग्गा धनी पूर्जा हराएको सिफारिस | १५० | |
| २४ | कित्ताकाट गर्न सिफारिस | २०० | |
| २५ | नामसारी गर्न सिफारिस | २५० | |
| २६ | जग्गाको हक सम्बन्धमा सिफारिस | १०० | |
| २७ | ठूलो , मझौला र सानो उद्योग ठाउँसारीको सिफारिस | ५००,२५० र १५० | |
| २८ | जीवित रहेको सिफारिस | १०० | |
| २९ | विद्यालय खोल्न सिफारिस | १५०० | |
| ३० | विद्यालयको कक्षा थप गर्न सिफारिस | १००० | |
| ३१ | विद्यालय ठाउँसारी गर्ने सिफारिस | १००० | |
| ३२ | पालन पोषणको लागि सिफारिस | ५० | |
| ३३ | बैवाहिक अङ्गिकृत नागरिकता सिफारिस | १०० | |
| ३४ | धारा तथा विधुत जडानको लागि सिफारिस | १०० | |
| ३५ | प्रचलित कानून अनुसार प्रत्यायोजित पिछडिएको लगाएत अन्य सिफारिस वा प्रमाणित | ५० | |
| ३६ | पञ्जिकरण सेवा शुल्क नयाँ र प्रतिलिपि | २००<br>५०० | ३५ दिन भित्र निशुल्क |
| ३७ | अन्य पसल दर्ता सिफारिस | ५०० | |
| ३८ | उधोग दर्ता सिफारिस ठूलो ,मझौला र सानो | १५००,<br>१०००,५०० | |
| ३९ | फर्म , नर्सरी आदि दर्ता सिफारिस | ३०० | |
| ४० | होर्डिङ बोर्ड , साइन बोर्ड , पोस्टर,पम्पलेट, राख्न खोजेको गापाको स्वीकृत सिफारिस | १५० | |
| ४१ | चार किल्ला प्रमाणित र थप प्रतिपाना रु १० | १०० | |
| ४२ | कागज र मन्जुरीनामा सिफारिस | १५० | |
| ४३ | सर्जमीन शुल्क | १५० | |
| ४४ | दण्ड जरीवाना | न्यूनतम १००<br>बढीमा ५०००<br>प्रकृति अनुसार | |
| ४५ | नक्सा पास दस्तुर | ३०० | |
| ४६ | अधिकृत बिक्रेता सिफारिस | १००० | |
| ४७ | योजना सम्झौता सिफारिस (वडा कार्यालय) | १०० | |
| ४८ | योजना सम्पन सिफारिस(वडा कार्यालय) | २०० | |
| ४९ | योजना सम्झौता दस्तुर (गाउँपालिका) | ३०० | |



गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ५० | योजना सम्पन्न दस्तुर समिती । ठेक्का | ०.२ प्रतिशत | |
| ५१ | उपभोक्ता समिति, सामुदायिक संघ, सस्था, सञ्जाल दर्ता सिफारिस तथा प्रमाणपत्र दस्तुर | २००।<br>५००। | |
| ५२ | सभा हल भाडा सादा । प्रोजेक्टर | २०००।<br>१५०० | |
| ५३ | रैथाने बाली निर्यात सिफारीस | १० के जि भन्दा कम रु ५०० र सो भन्दा माथि रु १००० | |
| ५४ | गिट्टी बालुवा र ढुङ्गा टिर्पमा | प्रति जिप रु १००<br>ट्याक्टर रु२००<br>ट्रक रु ४०० र<br>टिप्पर रु ५०० | |

१४ . पर्यटक शुल्क दर रेट

| क.स | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १३ | पयटन शुल्क | प्रति दिन ५०० | |
| | जम्मा | ५०० | |

१५ . कृषि दर्ता शुल्क

| | | | | |
|---|---|---|---|---|
| १ | कृषि फार्म दर्ता शुल्क<br>नविकरण | १५००।<br>५००। | | कैफियत |
| २ | समूह दर्ता शुल्क<br>नविकरण | ५००।<br>३००। | | |
| ३ | विउविजन वितरण दर्ता शुल्क | १०। | | |
| ४ | पशुपंक्षि औधषि वितरण दर्ता शुल्क | वाख्रा | ५ | |
| ५ | | कुखुरा | ५ | |
| ६ | | गाई भैसी | १० | |
| ७ | | कुकुर विरालो | २५ | |
| ८ | | घोडा खच्चड | ५० | |
| ९ | | गोवर जाँच | १५ | |
| १० | | पोष्टमार्टम कुखुरा | ३० | |
| ११ | | ठुला जनावरको पोष्टमार्टम | २०० | |
| १२ | | माईनर सर्जिकल सेवा | २० | |
| १३ | | घोडा खच्चड सेवा शुल्क | १०० प्रतिवर्ष | |

हिमाली गाउँपालिका बुझाउनु प्रर्ने कर, शुल्क ,दस्तरहरुको विवरण तालिका:

| क्र.स | करको विवरण | कस्ले तिर्ने | काँहा तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घर जग्गा कर / सम्पति कर | घर धनीले | वडा कार्यालयमा | नियमानुसार | फागुन मसान्त सम्म | |
| २ | बहाल कर | घर धनीले वा सम्झौता अनुसार | वडा कार्यलयमा | नियमानुसार | फागुन मसान्त सम्म | |
| ३ | मालपोत कर | जग्गा धनी बाट | वडा कार्यलयमा | नियमानुसार | जेठ मसान्त सम्म | |
| ४ | व्यवसाय कर | व्यवसायीबाट | वडा कार्यलयमा | नियमानुसार | फागुन मसान्त सम्म | |
| ५ | सवारी कर | सवारी धनीले | वडा कार्यलयमा | नियमानुसार | दर्ता नविकरण गर्दा | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | वडा कार्यलयमा | नियमानुसार | चैत्र मसान्त सम्म | |
| ७ | बहाल विटौरी कर | सम्बन्धितले | गाउँपालिका कार्यालयमा | नियमानुसार | माघ मसान्त सम्म | |
| ८ | विज्ञापन कर | सम्बन्धितले | वडा कार्यालयमा | नियमानुसार | फागुन मसान्त सम्म | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्रास गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाउँपालिका कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | ट्रेकिङ शुल्क | सेवा प्रदायकले | गाउँपालिका कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| १२ | पार्किङ शुल्क | पाकिङ गर्नेले | वडा कार्यालयमा | नियमानुसार | पाकिङ गर्दा | |
| १३ | जडिबुटी कर | जडिवुटी निकासी कर्ताले | गाउँपालिका कार्यालयमा | नियमानुसार | कारोवारो गर्दा | |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष